जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १६४ २०७९ साल माघ १४ गते शनिबार (28 Jan. 2023 Saturday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मधेस प्रदेशको बालसुधार... ३ पृष्ठमा : रेमिटचान्स कम्पनीले नियम ... ३ पृष्ठमा :तीन हजार भन्दा बढी ...

# सरस्वती पुजामा अश्लील गित गुन्जिए



**दैनिक समाचारदाता**
**राजविराज, १३ माघ ।**

भोजपुरी र हिन्दी भाषामा भारतीय गायक र गायिकाहरुले गाएको अश्लिल गितहरुको बोलले विहीवार र शुक्रवार सप्तरीका ग्रामिण र शहरी क्षेत्रका सरस्वती पुजास्थल गुन्जिएको छ ।

बसन्त पञ्चमिको अवसरमा विद्यार्थी, शिक्षक, युवा तथा कलमजीवीहरुले आस्थापुर्वक मनाउने सरस्वती पुजाको दिन विहीवार र मुर्ती सेलाउने दिन शुक्रवार सम्म जिल्लाको अधिकांश टोलमा मात्र नभई विभिन्न शिक्षण संस्थाहरुमा समेत यी गितहरु गन्जिएको थियो । दोहरो अर्थ, भद्दा र परिवारका साथ सुन्नै नसकिने खालका भोजपुरी र हिन्दीका अश्लील गितहरुमा विद्यार्थी, शिक्षकहरु रमाइरहेका थिए ।

कतिपय विद्यालयमा शिक्षकहरुको त कतिपय टोलमा बालबालिकादेखि बृद्धबृद्धा सम्मको उपस्थितीमा पनि यस्ता भल्गार गितहरु डिजेमा बजिरहदा र पुजास्थल नजिकै लगाइएको टेलिभिजन स्कीनमा चलिरहदा उनीहरु मुकदर्शक झै बनेका थिए ।

केही भरभलादमीले यस्ता भल्गार गितहरु नबजाउन सल्लाह दिए पछी केही युवा विद्यार्थीले तत्कालै रोके पनि अधिकाँशले अटेर गरेका थिए । धार्मिक आस्थाबाट प्रेरित भएर गरिने यस्ता पवित्र कार्यमा पनि अश्लीलताको बाहुल्य हुनुले हाम्रो संस्कृतीमाथी नै आघात पुग्न सक्ने स्थानीय बुद्धिजीवीहरु बताउँछन ।

पुजास्थल र मुर्ती विर्सजनका क्रममा यस्तो अश्लील गित बजाउनु विकृतीको नमुना भएको उनीहरु बताउँछन । "पुजा स्थलामा डिजे लगाएर अश्लील गित बजाउँदा समाजमा विकृती फैलिने थाहा हुदाहुदै पनि सम्बन्धित शिक्षण संस्थाका जिम्मेवार अधिकारीले यसलाई रोक्न नसक्नु आर्श्चय भएको धर्मी हल्फा विकास क्लबका अध्यक्ष एवं समाजसेवी इं सूर्यनारायण यादव बताउँछन् ।

पुजा स्थलमा परिवारसंग बसेर सुन्न लाज लाग्ने खालको यस्ता गित पुजा जस्तो पवित्रस्थलमा चर्को साउण्ड थपेर बजाउनु गलत भएको भन्दै यसमा रोक लगाउनु पर्ने उनले माग गरे ।

धार्मिक आस्थाबाट प्रेरित भएर गरिने विभिन्न पर्व, त्योहार, पुजा लगायतका पवित्र कार्यमा अश्लीलताको बाहुल्य हुनु विकृती मात्र होइन, संस्कृती माथी नै आघात पुग्न सक्ने भन्दै स्थानीय बुद्धिजीवीहरुले यस तर्फ बेलैमा ध्यान पुऱ्याउन सरोकारवाला सबै संग आग्रह गरेका छन् ।

# गृहमन्त्री रवि लामिछानेको सांसद पद खारेज



**दैनिक समाचारदाता**
**काठमाडौं, १३ माघ ।**

सर्वोच्च अदालतले गृहमन्त्री रवि लामिछानेको सांसद पद खारेज गरेको छ। यससँगै उनको उपप्रधान तथा गृहमन्त्री पद पनि गुमेको छ ।

मंसिर ४ मा भएको चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति समेत रहेका लामिछाने चितवन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए । उम्मेदवारीमा दाबी बिरोध गर्ने समय गुज्रिसकेको, तर मतदान हुन बाँकी रहेको अवधिमा लामिछानेसँग नेपाली नागरिकता नै नरहेको भन्दै उजुरी पऱ्यो ।

निर्वाचन आयोगले निर्णय नगर्दै निर्वाचन परिणाम आयो र, आयोगले संवैधानिक इजलासले हेर्ने भन्दै तामेलीमा राख्यो । यही मुद्दा सर्वोच्च अदालतमा पुऱ्यो ।कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्जर खतिवडा र आनन्दमोहन त्य्स्भट्टराई र अनिलकुमार सिन्हाको संवैधानिक इजलासले अमेकि नागरिकता त्याग गरेको विधिवत जानकारी सम्बन्धित अधिकारी (सीडीओ)लाई नदिएको र नागरिकता ऐन र नियमावली अनुसार निवेदन दिई प्रक्रिया पनि पुरा नगरेको पाइएको बताएको छ । 'यस्तो अवस्थाका व्यक्तिलाई नेपालको संविधानको धारा ९८७० १ तथा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ को दफा १२ को प्रयोजनका लागि उम्मेदवारको योग्यता पुगेको भनि मान्न मिलेन', फैसलामा भनिएको छ ।

अदालतले लामिछानेलाई उम्मेदवार कायम गर्ने, निर्वाचित घोषणा गर्ने, प्रमाणपत्र दिने लगायतका कामकारबाही संविधानको धारा १३३ को उपधारा ९२०, ९३० तथा धारा १३७ बमोजिम उत्प्रेषणको आदेश बदर हुने अदालतको फैसला छ ।

## मौकाको फाइदा उठाउनु होस

**यही मिति २०७९ माघ १४ गते शनिबारका दिन सिद्धार्थ आई केयर का मेडिकल डाइरेक्टर तथा सगरमाथा आँखा अस्पताल प्रा.लि.का संचालक डा. संजय कुमार सिंहले सेवा यही अस्पतालमा दिने भएकोले मौकाको फाइदा उठाउनु हुन अनुरोध छ ।**



**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय ....

### स्थानिय पर्यटन स्थलप्रति गम्भिर बनौं

सप्तरी जिल्लालाई पर्यटकीय स्थल र आन्तरिक पर्यटकलाई कसरी आकर्षित गर्नेतर्फ ध्यान पुग्न सकेको छैन् । जिल्लाको विभिन्न पर्यटक स्थल तथा धार्मिक पर्यटक स्थललाई श्रोत साधनको उपयोग गरि आकर्षित गर्न सक्ने पर्याप्त सम्भावना रहेको छ । तर, स्थानिय सरकारले ध्यान दिन नसक्दा ती स्थलहरुको अस्तित्व नै ओफेलमा पर्न थालेको छ । मधेश प्रदेश अन्तरगत आन्तरिक पर्यटन स्थलहरु सप्तरीमा एक दर्जन जति छन् । तर, ती स्थलहरु उचित सम्बर्द्धन र विकासको अभावमा बाफो परेको अवस्था रहेको छ ।

स्थानिय स्तरका पर्यटकीय स्थलहरुमा नेपाल सरकार, प्रदेश सरकार र स्थानिय सरकारको ध्यान पुग्न सकेको छैन् । यसमा पनि सरकारले मुलुकको पहाडी क्षेत्रहरुको पर्यटकीय स्थलहरुको विकासमा बढी जोड दिएको देखिन्छ । मधेशका जिल्लाहरुमा पनि मनमोहक पर्यटकीय स्थलहरु छन् । तर, यसमा नेपाल सरकारको ध्यानाकृष्ट भएको देखिन्न् । हुनत मधेश प्रदेशका स्थानिय निकायले समेत आफ्नो क्षेत्रमा पर्ने मनमोहक पर्यटकीय स्थलप्रति चासो दिएको देखिदैन् ।

सप्तरीको कुरा गर्ने हो भने शिवशनि धाम, लोहजरा दह, धारापानी, दुधेला खोला, कृष्णासवरण स्थल लगायतका स्थलहरु स्थानिय निकायको हेलचक्राइका कारण अहिलेसम्म ओफेलमा परेको छ । स्थानिय तहले हालसम्म ती क्षेत्रहरुको सम्बर्द्धन तथा विकासका लागि कुनै बजेट बिनियोजन गरेको देखिदैन । स्थानिय सरकारले आन्तरिक श्रोत साधनलाई उपयोग गरि पर्यटकीय स्थललाई बढावा दिनु आवश्यक छ । जसले गर्दा आम्दानीको श्रोत बढाउन सकिन्छ । तसर्थ आफ्नो क्षेत्रमा पर्ने आन्तरिक पर्यटकीय स्थलहरुबारे गम्भिर हुनु आवश्यक छ ।

# मधेस प्रदेशको बालसुधार गृहमा समस्या

**राजु विश्वकर्मा**
वीरगञ्ज, १३ माघ (रासस) ।

क्षमताभन्दा बढी बालबालिका र आवश्यक पूर्वाधारको अभावमा पर्साको वीरगञ्जस्थित मधेस प्रदेशको एकमात्र बालसुधार गृहमा समस्या भएको छ । न्यून भौतिक पूर्वाधार, बजेट अभाव, सरकारी उदासिनता र क्षमताभन्दा बढी बालक र किशोरलाई कोचर राख्नुपर्ने बाध्यताका कारण प्रदेशको एकमात्र बालसुधार गृह समस्यामा परेको हो ।

साठी जनाको क्षमता भएको सुधारगृहमा एक सय २७ बालक तथा किशोरलाई कोचेर राखिएको छ । त्यहाँ रहेका बालक तथा किशोरमा स्वास्थ्य समस्या बल्झिनाका साथै व्यवस्थापन मिलाउनसमेत कठिन भइरहेको सुधारगृहका प्रमुख टीकाकृष्ण काफ्लेले जानकारी दिनुभयो ।

"क्षमताभन्दा बढी बालक र किशोरलाई कोचेर राख्नुपर्दा उनीहरुमा श्वासप्रवास, ज्वरो र छालासम्बन्धी रोगको सङ्क्रमण देखिन थालेको छ", उहाँले भन्नुभयो, "चिसो मौसम भएकाले थोरै मात्र बालक र किशोरमा स्वास्थ्य समस्या देखिएको अब गर्मी सुरु भएलगत्तै सङ्क्रमण बढ्न थाल्छ तर उचारका लागि पहिलाफै अहिले पनि वार्षिक रु दुई लाख मात्र उपलब्ध भइरहेकाले खर्च पुऱ्याउन कठिन भइरहेको छ ।

ठाउँ अभावका कारण उक्त गृहमा बालबालिका उकुसमुकुसका साथ दैनिक जीवन यापन गर्न बाध्य छन् । एउटै कोठाभित्र धेरै जनालाई कोचर राख्नुपर्दा स्वास्थ्यलगायत समस्या भइरहेको गुनासो बढेको छ । धेरैजना कोचाकोच गरिबस्दा अक्सिजनको मात्रा घटेर कतिपयमा खुट्टा सुनिने र श्वासप्रश्वासको समस्या हुने गरेको गृहमा कार्यरत स्टापनर्स अन्जु कुमारीले बताउनुभयो ।

"बिरामीलाई पहिला हामी गृहभित्रै उपचार गर्छौं", उहाँले भन्नुभयो, "स्वास्थ्य जटिल हुँदैगए थप उपचारका लागि वीरगञ्जस्थित जनारायणी उपक्षेत्रीय अस्पतालमा लैजान्छौं ।" जाडो याममा भन्दा गर्मी याममा स्वास्थ्य समस्या बढी हुने स्टापनर्स अन्जुको भनाइ थियो। ठाउँ साँघुरो भएकाले गृहमा रहेका बालक र किशोरलाई चेस, क्यारेमबोर्ड बाहेक अन्य खेल खेल्न समस्या छ । "हामीसँग फुटबल, भलिबललगायत खेलकुद खेल्ने ठाउँ छैन, त्यसैले अहिले चेस र क्यारेमबोर्ड मात्र खेल्न दिइएको छ ।" हामीले चाहेर पनि ठाउँ नभएर बालक र किशोरलाई फुटबल, भलिबल खेल्न दिन सकेका छैनौं उहाँले भन्नुभयो ।

करिब डेढ कट्ठा जमिनमा फैलिएको सो सुधारगृहमा साना र ठूला गरी ११ कोठा छन् । साना कोठामा १२ देखि १४ जना र ठूलोमा ३१ जनासम्मलाई कोचेर राखिएको छ । कानुनी विवादमा फसेका पर्सादेखि सप्तरीसम्मका अदालतबाट पुर्पक्ष तथा कैद सजायका लागि उक्त सुधार गृहमा बालक र किशोरलाई पठाइएका हुन् ।

तत्कालीन अनाथालय भवनलाई गत २०७५ भदौमा बालसुधार गृहको रुपमा सञ्चालन गरिएको हो । सो गृहमा हाल आश्रितमध्ये ४१ जबर्जस्ती करणीका, २० लागुऔषध मुद्दाका, १० सवारी ज्यान मुद्दाका र सातजना अपहरण तथा शरीरबन्धक मुद्दाका छन् ।

यसैगरी चोरी, कर्तव्य ज्यान, मानव बेचबिखन तथा ओसारपसार, खोटा चलन, नागरिकता किर्ते उद्योग र बालविवाह मुद्दाका पनि छन् । बालबालिकाको मुद्दा अधिकतम एक सय २० दिनमा फैसला गरिनुपर्ने व्यवस्था ऐनमा रहे पनि लामो समयसम्म फैसला नहुँदा सुधार गृहमा क्षमताभन्दा बढी बालक तथा किशोर रहेको प्रमुख काफ्लेले बताउनुभयो ।

कूल आश्रितमध्ये डेढ दर्जनको मात्रै मुद्दा फैसला भएको र बाँकी पुर्पक्षमै रहेको उहाँले बताउनुभयो। काठमाडौं र पोखरामा रहेका बाल सुधारगृहमा विद्यालय, र अस्पतालको पनि सुविधा भए पनि यहाँ भने त्यस्तो सुविधा नभएकाले समस्या भइरहेको प्रमुख काफ्लेले बताउनुभयो । सुधारगृहमा रहेका बालक र किशोरको मानसिक र शैक्षिक विकासका लागि गृहभित्रै पुस्तकालय तथा मनोरञ्जन कक्षसमेत सञ्चालन गरिएको छ तर फन्फटिलो कानुनी व्यवस्थाका कारण गृह सञ्चालनका लागि धेरै निकायसँग समन्वय गर्नुपर्ने बाध्यताका कारण थप समस्या भइरहेको उहाँको गुनासो थियो ।

सङ्घीय सरकार मातहत रहेको बालसुधार गृहमा देखिएको समस्या समाधानका लागि सरकारले समयमै ध्यान दिनुपर्ने वीरगञ्जका बुद्धिजीवी बेचन साहको भनाइ थियो । "बालसुधार गृह अहिले यातना गृहजस्तै बन्न थालेको छ", उहाँले भन्नुभयो, "यो एकदमै दुःखद् कुरा हो, यसको सुधारमा सरकारले ध्यान दिनुपर्छ ।"

# व्यवसायीको निधनले आर्थिक क्षेत्र मर्माहत

टड्कीसिनवारी, १३ माघ (रासस) ।

दुई जना व्यवसायीहरुको असामयिक निधनपछि पूर्वका आर्थिक क्षेत्रका सङ्घसंस्था मर्माहत भएका छन् । गत मङ्गलबार काठमाडौंको नयाँ बानेश्वरमा इलामका व्यवसायी प्रेमप्रसाद आचार्यले शरीरमा आगो लगाएर आत्मदाह प्रयास गर्नुभएको थियो । उहाँको उपचारका क्रममा कीर्तिपुरस्थित बर्न अस्पतालमा बुधबार विहान निधन भएको थियो ।

आचार्यको निधन लगत्तै बुधबार नै विराटनगरका विद्युतीय सामग्रीको व्यवसाय गर्ने मोहन न्यौपानेले विराटनगर-३ स्थित आफ्नै घरमा फुण्डिएर आत्महत्या गर्नुभयो । दुवै घटनामा वित्तीय दबाब प्रमुख देखिएको थियो ।

मोरङ व्यापार संघका उपाध्यक्ष विकासकुमार बेगवानीले मुलुकमा आर्थिक सूचकाङ्क सकारात्मक नरहेको अवस्थामा राज्य अलि बढी संवेदनशील बन्नुपर्ने बताउनु भयो । उहाँले आर्थिक क्षेत्रमा सुधारका ठाउँ प्रशस्तै रहेकाले राज्यले सुधारका कदम तत्कालै उठाउनुपर्ने बताउनु भयो ।

संघका अध्यक्ष नवीन रिजालले बढ्दो बैंकको ब्याजदर र प्रतिकुल आर्थिक नीतिका कारण व्यवसाय धरासायी बन्दै गएको बताउनु भयो । उहाँले आफूले उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलसँग भेटेर व्यवसायीको माग सम्बोधन गर्न अनुरोध गरेको बताउनुभयो ।

उद्योग संगठन मोरङका अध्यक्ष सुयस प्याकुरेलले आइपर्ने परिस्थितिबाट भाग्नुको साटो समस्या समाधानतर्फ उन्मुख रहन जरूरी रहेको बताउनु भयो । उहाँले उद्योगी व्यवसायीको समस्या समाधानका लागि सङ्घ संस्थाको स्थापना भएको भन्दै समस्या पर्दा उद्योग व्यवसायीले यस्ता सङ्घ संस्थासँग छलफल र परामर्श लिनुपर्ने बताउन भयो ।

नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ का अध्यक्ष भीम घिमिरेले आर्थिक क्षेत्रलाई चुस्त दुरूस्त बनाउन राज्यले निजी क्षेत्रको समन्वयमा कार्य गर्नुपर्ने बताउनु भयो । अध्यक्ष घिमिरेले दुई दिनको अन्तरालमा परस्पर दुई दुःखदायी घट्ना घटेको भन्दै व्यवसायीप्रति राज्यले न्याय गर्नुपर्ने बताउनु भयो ।

*बाँकी तीन पृष्ठमा*


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको ढिल र साईडमा भएका फारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल.** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के जी पाकेको गोबर मल प्रयोग गर्ने वा १ ७ के जी डि ए पी र १ के जी यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्वारमा जाली राखेर) ।

माछा भुरा फिंगरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु<br>नैनि | पानीको मध्य भागदेखी पिंध सम्म<br>पानीको पिंधभागमा | डेट्रिटस, दाना<br>सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५



**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# रेमिटचान्स कम्पनीले नियम पालना नगरे एक वर्षसम्म प्रतिबन्ध

काठमाडौँ, १३ माघ (रासस)।

रेमिटचान्स कम्पनीले नीति नियमको पालना नगरे एक महिनादेखि एक वर्षसम्म प्रतिबन्ध लगाउने भएको छ। शुक्रबार नेपाल राष्ट्र बैंकले विप्रेषण विनियमावली, २०६७ खारेज गरी विप्रेषण विनियमावली, २०७९ जारी गर्दै सो व्यवस्था गरेको हो। नयाँ व्यवस्था कार्यान्वयनमा आएपछि नीति नियमको पालना नगर्ने रेमिटचान्स कम्पनीलाई राष्ट्र बैंकले नगद कारोबारमा प्रतिबन्ध लगाउन सक्नेछ।

नेपाल राष्ट्र बैंकको नियमावलीको नियम १६ मा नियम उल्लङ्घन गरेमा विप्रेषण कम्पनीलाई हुने सजाय तथा जरिवानाका बारेमा यस्तो उल्लेख गरिएको छ। नियमन उल्लङ्घन गरेमा विप्रेषण कम्पनीलाई राष्ट्र बैंकले एक वा एकभन्दा बढी सजाय तथा जरिवाना गर्नसक्ने व्यवस्था मिलाएको हो।

जसमा सचेत गराउने, लिखित चेतावनी दिने, नियमन उल्लङ्घनको प्रकृति हेरी विप्रेषण कारोबारमा एक महिनादेखि एक वर्षसम्मको प्रतिबन्ध लगाउने, राष्ट्र बैंकमा रहेको धरौटी जफत गर्ने, रु एक लाखदेखि रु दश लाखसम्म नगद जरिवाना गर्ने र इजाजतपत्र निलम्बन गर्ने, निलम्बन गरी खारेज गर्ने वा सोझै खारेज गर्ने व्यवस्था गरेको छ।

साथै, नेपाल राष्ट्र बैंकले कम्पनीले नियमन उल्लङ्घन गरेमा पदाधिकारी तथा कर्मचारीलाई पनि सजाय तथा जरिवाना हुने व्यवस्था मिलाएको छ। उपविनियम २ मा कसुर गर्ने पदाधिकारीलाई राष्ट्र बैंकले प्रकृति हेरी रु पचास हजारदेखि रु पाँच लाखसम्म नगद जरिवाना गर्ने र निलम्बनमा गर्नेसमेत व्यवस्था मिलाएको छ।

विभागका अनुसार नेपाल राष्ट्र बैंक सञ्चालक समितिको माघ ३ मा बसेको बैठकबाट नयाँ नियमावली स्वीकृत भएको हो।

**मर्जरको बाटो खुल्यो**

राष्ट्र बैंकले विप्रेषण विनियमावली, २०६७ खारेज गरी विप्रेषण विनियमावली, २०७९ जारी गरेसँगै रेमिटचान्स कम्पनीलाई मर्जर तथा एक्विजिसन बाटो खुलेको छ। विनियमवालीको परिच्छेद ७ को नियम २० मा इजाजतपत्र प्राप्त विप्रेषण कम्पनी एकापसमा गाभ्न गाभिन वा प्राप्ति गर्नसक्ने व्यवस्था मिलाएको हो।

संस्थागत सुशासन तथा जोखिम व्यवस्थापन सम्बन्धमा दिइएका निर्देशनको पालना नभएको कारण पर्न सक्ने असर तथा गाभ्दा-गाभिंदा वा प्राप्तिपश्चात् कायम रहने सञ्चित नाफा/नोक्सानीको अवस्था समेतलाई मध्यनजर गरी विभागले कुनै पनि इजाजतपत्र प्राप्त विप्रेषण कम्पनीलाई गाभ्न-गाभिन वा प्राप्तिका लागि अयोग्य मान्न सक्नेछ।

नियम २१ मा इजाजतपत्र प्राप्त विप्रेषण कम्पनीको सञ्चालक समितिले अख्तियारी लिने तथा संयुक्त मर्जर वा प्राप्ति समिति गठन गर्नुपर्ने व्यवस्था मलाएको छ। “योग्य इजाजतपत्र प्राप्त विप्रेषण कम्पनीले प्रचलित व्यवस्थाबमोजिम तोकिएका प्रक्रिया पुरा गरी अर्को इजाजतपत्र प्राप्त विप्रेषण कम्पनीसँग गाभ्न-गाभिन वा प्राप्ति गर्न चाहेमा सो कार्य अगाडि बढाउन पछिल्लो दुई आर्थिक वर्षभित्र सम्पन्न साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सञ्चालक समितिले अख्तियारी प्राप्त गर्नुपर्नेछ”, विनियमावलीमा उल्लेख गरिएको छ।

सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन प्राप्त गरेपछि संयुक्त मर्जर वा प्राप्ति समितिले सेयर स्वाप अनुपात कायम गर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको हो। रु दुई करोडको चुक्ता पुँजी भएका कम्पनीको चुक्ता पुँजी रु दश करोड पुऱ्याउने नीति अघि सारेसँगै मर्जलाई प्रेरित गरेको हो।

# सूचनाको हक उल्लङ्घन गर्ने प्रमुख प्रशासकीय अधिकृत यादव १५ हजार जरिवानासहित दण्डित

काठमाडौँ, १३ माघ (रासस)।

राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन उल्लङ्घन गरेको अभियोगमा सिरहा नगरपालिका सिरहाका प्रमुख प्रशासकीय अधिकृत बलिराम यादवलाई रु १५ हजार जरिवानासहित दण्डित गरेको छ।

सूचनाको हकसम्बन्धी ऐनमा भएको व्यवस्थाबमोजिम श्री परशुराम साहले प्रमुख यादवसमक्ष सूचना माग गर्दा सूचना उपलब्ध नगराएवापत सिरहा नपा-७ निवासी प्रमुख प्रशासकीय अधिकृत यादव दण्डित हुनुभएको हो।

आयोगको २०७९ माघ १२ गते बसेको इजलासले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम सूचना नदिएवापत अधिकृत यादवलाई रु १५ हजार जरिवानासहित कारबाही गरेको हो। सूचनाको हकसम्बन्धी ऐनबमोजिम माग गरिएबमोजिको सूचना उपलब्ध नगराउने सार्वजनिक निकायका प्रमुख कारबाहीको भागीदार हुने स्पष्ट गर्दै पटक-पटक चेतावनीसहितको आदेश हुँदा पनि सूचना नदिई कानून उल्लङ्घन गरेकाले कारवाही गरेको विज्ञप्तिमार्फत आयोगले स्पष्ट गरेको छ।

लोकतान्त्रिक शासन व्यवस्थामा सर्वसाधारण नागरिकलाई सार्वजनिक निकायबाट भए/गरेका कामका बारेमा थाहा पाउने, जान्न पाउने अधिकार हुने, सार्वजनिक निकायलाई पारदर्शी हुन, कानून र नागरिकप्रति जवाफदेही तथा उत्तरदायी बनाउन पनि सघाउ पुग्ने, सुशासन कायम गर्न मद्दत पुग्ने, सर्वसाधारण नागरिकले कुनै सार्वजनिक निकायमा सूचना माग गर्दा सम्मानपूर्वक सूचना उपलब्ध गराउनु कानूनी व्यवस्था सुनिश्चित गरिएको सन्दर्भमा सूचनाको हकसम्बन्धी ऐनमा भएको व्यवस्था उल्लङ्घन गर्ने जो-कोही कानूनबमोजिम दण्डित गरिने आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीद्वारा बिहीबार जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

*व्यवसायीको ...*

उद्योग संगठन मोरङले बिहीबार अपिल जारी गर्दै यस खाले दुःखद् र मार्मिक घटनाले भित्री अन्तरवस्तु र पीडालाई उजागर गरेकाले आगामी दिनमा दोहरिन नदिन नियमनकारी निकायले उद्योगी व्यवसायीहरुको उचित गुनासो, पिरमार्का, समस्यालाई गम्भिरतापूर्वक सुनेर समयमा नै सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको बताएको छ।

# आत्मदाह गरेका आचार्यले उठाएका विषय छानबिन गर्न समिति गठन

काठमाडौँ, १३ माघ (रासस)।

गृह मन्त्रालयले आत्मदाह गरेका इलामका प्रेमप्रसाद आचार्यले सामाजिक सञ्जालमा उठाएका विषय छानबिन गर्न सहसचिवको नेतृत्वमा समिति गठन गरेको छ।

मन्त्रालयले बिहीबार सहसचिव नारायणप्रसाद रिसालको संयोजकत्वमा छ सदस्यीय छानबिन समिति गठन गरेको हो। अर्थ मन्त्रालयका उपसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव, नेपाल प्रहरीबाट प्रहरी उपरीक्षक र राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक सदस्य रहने गरी समिति गठन गरिएको गृहमन्त्रीको सचिवालयले जानकारी दिएको छ।

आचार्यले सामाजिक सञ्जालमा उठाएका सबै विषयमा यथाशीघ्र छानबिन गर्न र त्यससम्बन्धमा सरकारले के-के गर्नुपर्ने हो सुझावसहितको प्रतिवेदन तयार पार्ने गरी समितिलाई कार्यादेश दिइएको गृहमन्त्री रवि लामिछानेका प्रेस संयोजक नवराज पाण्डेले जानकारी दिनुभयो। आचार्यले मङ्गलबार बानेश्वरमा आत्मदाहको प्रयास गरी घाइते भएकामा उपचारका क्रममा बुधबार बिहान मृत्यु भएको थियो। बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले आचार्यको विषयमा छानबिन गर्न र यथाशीघ्र प्रतिवेदन तयार पार्न गृह मन्त्रालयलाई जिम्मेवारी दिएको थियो।

आचार्यको निधनपश्चात कीर्तिपुरस्थित अस्पताल पुगेर बुधबार अपराह्न नै उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले उनका परिवारका सदस्यहरूसँग भेट गरी समस्यामा सरकारसँगै रहेको र आचार्यले सामाजिक सञ्जालमा उठाएका विषयमा छानबिन गरी समाधान खोज्न प्रयत्न गर्ने आश्वासन दिनुभएको थियो।

# सम्मानपूर्वक बाँच्ने हकको सुनिश्चितता गर्न आयोगको आग्रह

काठमाडौँ, १३ माघ (रासस)।

राष्ट्रिय मानवअधिकार आयोगले नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चितता गर्न सरकारसँग आग्रह गरेको छ। नयाँ बानेश्वरको संसद् भवन अगाडि यही माघ ९ गते आत्मदाह गरी घाइते भएका इलामका प्रेमप्रसाद आचार्यको उपचारका क्रममा मृत्यु भएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै आयोगले उक्त माग गरेको हो।

उक्त विषयमा आयोगका सदस्य लिली थापाले बिहीबारै पीडित परिवारका सदस्यसँग भेट गरी घटनाका बारेमा जानकारी लिनुका साथै कानुनी प्रक्रियामा सहजीकरण गर्न पहल गर्नुभएको आयोगले जनाएको छ। “आत्मदाह गर्नु अगाडि आचार्यले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेका विषय लोकतान्त्रिक शासन व्यवस्था अङ्गीकार गरेको राज्यका लागि अत्यन्त सोचनीय र संवेदनशील विषय रहेको छ”, आयोगले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, “राज्यका संयन्त्रबाट नागरिकका समस्या समयमै उचितरूपमा सम्बोधन हुन नसक्दा एउटा नागरिकले आत्मदाह गर्नुपर्ने अवस्था सिर्जना हुनु राज्यका लागि चिन्ताको विषय हो।” मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन र नेपालको संविधानले प्रत्याभूत गरेको कुनै पनि व्यक्तिको बाँच्न पाउने हक र न्यायसम्बन्धी हकको सुनिश्चितताका साथै पेसा, व्यवसाय र सम्पत्तिको संरक्षण गर्ने वातावरणको निर्माण गरी राज्यको नागरिकप्रतिको दायित्व पूरा गर्न आयोगले माग गरेको छ।

## विश्व समाचार

### तीन हजार भन्दा बढी अफगान शरणार्थीलाई इरानले देश निकाला

काबुल, १३ माघ (रासस/एएनआई)।

इस्लाम काला र पुले अब्रिशुम सीमाहरू हुँदै हाल इरानबाट ३ हजार भन्दा बढी अफगान शरणार्थीहरूलाई देश निकाला गरिएको खामा प्रेसले बिहीबार जनाएको छ। अफगान शरणार्थीहरूको बलपूर्वक निर्वासन र हिरासत राख्ने क्रम जारी रहेको जनाइएको छ। गत जनवरी २५ र २६ मा लगभग ३ हजार एक सय २३ अफगान आप्रवासीहरूलाई इरानबाट निष्कासित गरिएको छ।

तालिबान नेतृत्वमा अफगानिस्तानको शरणार्थीहरुलाई स्वदेश फिर्ता गरिरहेको शरणार्थी मन्त्रालयले जनाएको छ। मन्त्रालयले जनवरी २४ र २५ मा क्रमशः ३ हजार एक सय २३ अफगानी आप्रवासीलाई इरानबाट निकालिएको घोषणा गरेको छ। इरानमा पछिल्लो समय अफगान नागरिकलाई हिरासतमा राखेर जबरर्जस्ती अफगानिस्तान पठाइएको छ। धेरै अफगानहरूले आफ्नो जीवनको चिन्ता र डरलाग्दो आर्थिक अवस्थाको कारण देश छोडेका थिए। इरानमा हाल ४० लाखभन्दा बढी अफगानीहरू बसोबास गरिरहेका देशको विदेश मन्त्रालयले जनाएको छ।

इरानबाट फर्केका शरणार्थीहरु हेरात र निमरुज प्रान्तहरू हुँदै अफगानिस्तान प्रवेश गरेका तालिबान अधिकारीहरूले जनाएका छन्। इरानी अधिकारीहरूलाई अफगान शरणार्थीहरूसँग शिष्ट व्यवहार गर्न आग्रह गरिएको छ। गत वर्ष अगस्टमा अफगानिस्तानमा तालिबानले नियन्त्रण लिएपछि हजारौं अफगानीहरू तालिबानको सत्ताका कारण मृत्युको डरले देश छोडेर भागेका थिए।

पाकिस्तान तालिबानले पुनः नियन्त्रणमा लिएपछि अफगानिस्तानसँग सीमा जोडिएका दुई राष्ट्र इरान र पाकिस्तानमा ठूलो सङ्ख्यामा बसाईँसराइको लहर चलेको खामा प्रेसले जनाएको छ।

### इराकमा चौध जनालाई मृत्युदण्ड

बगदाद, १३ (रासस/सिन्हवा)।

इराकी अदालतले यहाँका कम्तीमा पनि १४ जना आतङ्ककारीलाई मृत्युदण्डको सजायँ सुनाएको छ। ती व्यक्ति नागरिकको आमहत्यामा संलग्न रहेको पाइएको थियो। नागरिक हत्यामा संलग्न पाइएको भन्दै यहाँको एक अदालतले ती १४ जनालाई मृत्युदण्डको सजायँ बिहीबार सुनाएको हो।

सन् २०१४ मा इराकको टिक्रिट सहरमा आइएस आतङ्ककारीहरुले कब्जा गर्ने प्रयास गरेका थिए। त्यसक्रममा कम्तीमा पनि एक हजार ७०० जना इराकी सैनिक मारिएका थिए।

यसरी आम रुपमा मारिएका ती सैनिकको हत्यामा संलग्नताको पुष्टि भएपछि उनीहरुलाई मृत्युदण्डको सजायँ सुनाइएको हो। इराकी सहर टिक्रिटलाई कब्जा गर्ने क्रममा आइएसले सो समयमा यहाँका सैनिकमाथि धावा बोलेका थिए।

उनीहरुले ड्युटीमा रहेका सैनिकमाथि हमला गरेका थिए। ती भिडियोहरु सो समयमा पनि सार्वजनिक भएका थिए। ती सैनिकको हत्यामा संलग्नको खोजी यहाँको सेनाले लामो समयदेखि गरिरहेको थियो।

### ‘शान्ति स्थापनाका निम्ति विकासलाई प्राथमिकता दिनैपर्छ’

संयुक्त राष्ट्रसङ्घ, १३ माघ (रासस/सिन्ह्वा)।

चीनले विश्वमा शान्ति स्थापना गर्न विकासलाई पहिलो प्राथमिकता दिनुपर्नेमा जोड दिएको छ। संयुक्त राष्ट्रसङ्घका चीनका स्थायी प्रतिनिधिले वर्तमान परिस्थितिमा विकासका माध्यमबाट नै शान्ति स्थापना गर्न सहज हुने बताएका हुन्।

जनतामा लगानी गर्नेसम्बधी सुरक्षा परिषद्को छलफलमा संयुक्त राष्ट्रसङ्घका चीनका स्थायी प्रतिनिधि झाङ जुनले शान्ति स्थापना दिगो शान्ति अनुभूत गर्ने प्रयासको महत्वपूर्ण अंश भएको उल्लेख गर्दै त्यसका लागि जटिल चुनौतीको वर्तमान परिप्रक्ष्यमा विकासलाई प्राथमिकतामा राख्नुको विकल्प नरहेको बताउनुभयो।

अधिकभन्दा अधिक विकासोन्मुख देशका लागि विकास नै पहिलो आकाङ्क्षा र चाहना भएको वास्तविकता प्रस्तुत गर्दै चिनियाँ राजदूतले उनीहरूका असङ्ख्य चुनौतीमध्ये विकास नै प्रमुख समस्या भएको बताउनुभयो। उहाँले द्वन्द्वबाट मुक्त भएका देशलाई विकास सहायता अझ अधिक आवश्यक भएको बताउँदै विकासका विषयलाई बेवास्ता गर्न नहुनेमा जोड दिनुभयो।

विकसित देशले गरिबी घटाउने, जनजीविका सवालमा काम गर्ने, शिक्षा, स्वास्थ्यलगायत आधारभूत आवश्यकता पूरा गर्ने संरचना निर्माणका निम्ति स्रोत परिचालन गर्नु अपरिहार्य भएको बताउँदै चिनियाँ राजदूतले त्यसबाट शान्ति निर्माणमा सहयोग पुग्ने विचार व्यक्त गर्नुभयो। अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूलाई विकासका परियोजनमा धेरैभन्दा धेरै लगानी गर्न आह्वान पनि गर्नुभयो।

# किन भारत लगिँदै थियो एक सय एक राहदानी र ७९ थान प्रहरी चारित्रिक प्रमाणपत्र

काठमाडौँ, १३ माघ (रासस)। नेपाल प्रहरीले अवैध रूपमा बाह्य मुलुकतर्फ लैजान लागेको एक सय एक थान राहदानी र ७९ थान प्रहरी चारित्रिक प्रमाणपत्र बरामद गरी अनुसन्धान थालेको छ।

उक्त राहदानी र प्रहरी चारित्रिक प्रमाणपत्र लैजान लागेको आरोपमा विमानस्थल सुरक्षा कार्यालयले दुई जनालाई पक्राउसमेत गरेको छ।

उक्त राहदानी लिएर जान लागेका बेला पक्राउ पर्नेमा ललितपुर महानगरपालिका-३ का ३८ वर्षीय अमित बोगटी र नवलपरासी (पूर्व) विनयी त्रिवेणी गाउँपालिका-७ की ३८ वर्षीया सोनीकुमारी गुरुङ रहेकी छिन्।

पक्राउपछि उनीहरुलाई थप अनुसन्धानका लागि कार्यालयले गए राति केन्द्रीय अनुसन्धान ब्यूरोमा ल्याएको ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक सञ्जयसिंह थापाले जानकारी दिनुभयो।

उनीहरुमाथि वैदेशिक रोजगारसम्बन्धी थप अनुसन्धान आवश्यक पर्ने भएकाले शुक्रबारे वैदेशिक रोजगार विभागमा पठाइएको पनि थापाले बताउनुभयो।

नेपाल एयरलाइन्सको उडानद्वारा काठमाडौँबाट दिल्ली जान लागेका उनीहरुको लगेज जाँचका क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान विन्दुस्थित एक्स-रे गर्ने क्रममा लगेजमा शङ्कास्पद वस्तु देखिएको थियो।

जाँच गर्दा भारत लान लागिएको अवस्थामा झोलामा उक्त राहदानी र प्रहरी चारित्रिक प्रमाणपत्र फेला परेको थियो। उनीहरुमाथिको सोधपुछका क्रममा उक्त राहदानी रोमानियामा भिसा स्ट्याम्पिङ गर्नका लागि लान लागेको भनी वैदेशिक रोजगार विभागबाट जारी भएको भिसा स्ट्याम्पिङ निर्णय फाराम पेस गरेका थिए।

सो सम्बन्धमा अनुसन्धान गर्दा उक्त फारममा उल्लिखित विवरण भएको राहदानीहरु र उनीहरुका साथबाट बरामद भएको राहदानीहरुको विवरण फरक पर्न आएको पाइएको प्रहरीले जानकारी दिएको छ।

# मधेस प्रदेश सरकारका नवनियुक्त दुई मन्त्रीद्वारा पदभार ग्रहण

महेन्द्रनगर (धनुषा), १३ माघ (रासस)। मधेस प्रदेश सरकारका नवनियुक्त दुई मन्त्रीले शुक्रबार पदभार ग्रहण गर्नुभएको छ। बिहिबार जिम्मेवारीसहितको पत्र प्राप्त गरेपछि शुक्रबार नवनियुक्त मन्त्रीहरुले पदभार ग्रहण गर्नुभएको हो।

भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी पाउनुभएका नेकपा (एमाले) मधेस प्रदेशको संसदीय दलका नेतासमेत रहनुभएका मन्त्री सरोजकुमार यादवले मधेस लोकमार्गलाई प्राथमिकतामा राखेर कार्य अगाडी बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले मधेसको विकासका लागि हरेक जिल्ला तथा पालिकालाई सडक सञ्जालसँग जोड्न मधेसको गौरव आयोजनाका रुपमा मधेस लोकमार्गलाई प्राथमिकतामा राखेर काम गर्ने बताउनुभयो। उहाँले पछिल्लो सरकारको पालामा भएका राम्रा कामको समिक्षाका साथै बाँकी योजनाका विषयमा योजना बनाएर काम गर्ने बताउनुभयो।

शुक्रबार नै जनमत पार्टीका मन्त्री बसन्त कुशवाहाले पनि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको पदभार ग्रहण गर्दै किसानको समस्या समाधानलाई प्राथमिकतामा राखेर आफूले काम गर्ने बताउनुभयो। जनमत पार्टीले किसान आन्दोलन गरेको स्मरण गर्दै उहाँले किसानहरुको समस्या समाधानमा आफूले प्राथमिकताका साथ काम गर्ने जनाउनुभयो। यसका लागि मधेस प्रदेशमा किसान कार्ड लागू गर्ने योजना रहेको मन्त्री कुसाहाले बताउनुभयो।

# लागुऔषधसहित चारजना पक्राउ

महेन्द्रनगर धनुषा, १३ माघ (रासस)। धनुषा प्रहरीले जनकपुरधामबाट लागुऔषधसहित चारजनालाई पक्राउ गरेको छ.प्रहरीले प्रतिबन्धित एक्सप्लोन नामक ४९३ बोतल लागुऔषधसहित उनीहरुलाई जनकपुरधामस्थित पीडारीचोकबाट पक्राउ गरेको हो।

पक्राउपर्नेमा प्रदेश २०२-००१ स ०३५६ नम्बरका अटो चालक धनुषाको नगराइन नगरपालिका-७ का २२ वर्षीय दिलसाद नदाफ, ज६प १७८ नम्बरको मोटरसाइकल चालक जनकपुरधाम उपमहानगरपालिका-४ बस्ने ३२ वर्षीय दीपककुमार पूर्वे छन्।

त्यस्तै, नगराइन नगरपालिका-७ का ज११प ४४४६ नम्बरको मोटरसाइकल चालक २२ वर्षीय भरोसी यादव, सोही मोटरसाइकलमा सवार २१ वर्षीय इसराइन नदाफ पक्राउ परेकोजिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख विश्वराज खड्काले जानकारी दिनुभयो।

गोप्य सूचनाका आधारमा चेकजाँच गर्दा जुटको बोरामा १० वटा कार्टुनमा राखी पीडारीचोकदेखि उत्तरतर्फ उक्त परिमाणको लागुऔषध लैजादै गरेको अवस्थामा बरामद गरिएको प्रमुख खड्काले बताउनुभयो।


## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा बिक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सम्पर्क नं. ०३१-५३०४३४**

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

## सार्वजनिक यातायातलाई व्यवस्थित गरौं।

- सार्वजनिक यातायातका साधनमा यात्रा गर्दा सामाजिक मर्यादा र शिष्टाचारको पालना गरौं।
- यात्रु, चालक र सहचालकले एक-आपसमा मर्यादित र शिष्ट व्यवहार गरौं।
- सार्वजनिक यातायातका साधनमा हानी नोक्सानी नपुऱ्याऔं।
- सवारी साधनमा भाडादर देखिने गरी टाँसी तोकिएको भाडादर मात्र लिनेदिने गरौं।
- सार्वजनिक यातायात सञ्चालनको समय तालिका सार्वजनिक गरी त्यसको पालना गरौं।
- तोकिएको स्थानमा मात्र यात्रु उकाल्ने र ओराल्ने गरौं।
- आरक्षित सिटमा सम्बन्धित यात्रुलाई नै प्राथमिकता दिऔं।
- ट्राफिक नियमको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*